# भाग ३

## नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

## संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर २९

## तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३

तथ्याङ्क नियमावली, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

तथ्याङ्क ऐन, २०७९ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **तथ्याङ्क नियमावली, २०८० को नियम ७ मा संशोधन** : तथ्याङ्क नियमावली, २०८० (यसपछि “मूल नियमावली” भनिएको) को नियम ७ को उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) तथ्याङ्क सङ्कलनका लागि जनशक्ति खटाउनुपूर्व कार्यालयले जारी गरेको तालिम सञ्चालनसम्बन्धी निर्देशन बमोजिम सैद्धान्तिक र व्यवहारिक पक्ष समेट्ने गरी तालिम सञ्चालन गर्नुपर्ने,"



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **<u>मूल नियमावलीको नियम १५ मा संशोधन</u>** : मूल नियमावलीको नियम १५ को उपनियम (१) र उपनियम (२) मा रहेका "गणना तथा सर्वेक्षणको" भन्ने शब्दहरूको सट्टा "गणना, सर्वेक्षण तथा तथ्याङ्कीय क्रियाकलापको" भन्ने शब्दहरू राखिएका छन्।

४. **<u>मूल नियमावलीको नियम १७ मा संशोधन</u>** : मूल नियमावलीको नियम १७ को उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएको छ :-

"(४क) यस नियमबमोजिम तथ्याङ्क सङ्कलन अनुमतिप्राप्त संस्थाले नमुना छनोट विधिमार्फत तथ्याङ्क सङ्कलन गर्नका लागि गणना क्षेत्र नक्सा प्रयोग गर्न लिखितरूपमा माग गरेमा कार्यालयले अनुसूची-२ बमोजिमको दस्तुर लिई त्यस्तो नक्सा उपलब्ध गराउनु पर्नेछ।

तर सरकारी निकायको हकमा सम्बन्धित सरकारी निकायको निर्णयसहित गणना क्षेत्र नक्सा माग भई आएमा अनुसूची-२ बमोजिमको दस्तुर नलिई त्यस्तो नक्सा उपलब्ध गराउनु पर्नेछ ।

**<u>स्पष्टीकरण</u> :** यस उपनियमको प्रयोजनका लागि “गणना क्षेत्र नक्सा” भन्नाले गणना वा सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन गर्दा निश्चित भौगोलिक क्षेत्रलाई चार किल्ला सिमाङ्कन गरी भौतिक अवस्थिति झल्किने ढाँचामा गणना एकाई (इन्युमरेटेड युनीट) को अनुमानित सङ्ख्या समावेश गरी कार्यालयले तयार पारेको नक्सा सम्झनु पर्छ।”



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**५. <u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u>** : मूल नियमावलीको,-

(१) अनुसूची-२ को सट्टा संलग्न बमोजिमको अनुसूची-२ राखिएको छ ।

(२) अनुसूची-५ को शर्तको,-

(क) खण्ड (ग) मा रहेको "प्रकृयाबमोजिम" भन्ने शब्दपछि "गणना वा" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) तथ्याङ्क सङ्कलन अनुमतिपत्र प्राप्त भएको तीस दिनभित्र तथ्याङ्क सङ्कलनका लागि फिल्डकार्य सुरु हुने मिति र क्षेत्र सहितको जानकारी कार्यालयलाई दिनु पर्नेछ।"

“अनुसूची-२

(नियम १६ को उपनियम (४) र नियम १७ को उपनियम (४क) सँग सम्बन्धित)

<u>सूक्ष्म कोरा तथ्याङ्क तथा गणना क्षेत्र नक्सा उपलब्ध गराउँदा लाग्ने दस्तुर</u>

| सि. नं | विवरण | प्रति एकाइ मूल्य |
|---|---|---|
| १. | गणना | १. नेपालस्थित विद्यालय/कलेज/ विश्वविद्यालयका विद्यार्थी रु. २,०००।-<br>२. नेपालस्थित विद्यालय/ कलेज/ विश्वविद्यालयको विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ५,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | ३. सरकारी निकाय/ संस्था/<br>राष्ट्रिय गैरसरकारी संस्था रु. ८,०००।-<br>४. अन्तर्राष्ट्रिय गैरसरकारी संस्था/<br>अन्तर्राष्ट्रिय निकाय/नेपालस्थित<br>विदेशी संस्था वा व्यक्ति अमेरिकी डलर ४००।- |
| २. | सर्वेक्षण | १. नेपालस्थित विद्यालय/ कलेज/<br>विश्वविद्यालयका विद्यार्थी रु. १,२००।-<br>२. नेपालस्थित विद्यालय/ कलेज/<br>विश्वविद्यालयको विद्यार्थी बाहेक<br>अन्य नेपाली नागरिक रु. ३,०००।-<br>३. सरकारी निकाय/ संस्था/<br>राष्ट्रिय गैरसरकारी संस्था रु. ५,०००।-<br>४. अन्तर्राष्ट्रिय गैरसरकारी संस्था/<br>अन्तर्राष्ट्रिय निकाय/नेपालस्थित<br>विदेशी संस्था वा व्यक्ति अमेरिकी डलर ३००।- |
| ३. | गणना क्षेत्र नक्सा | १. संस्था रु. २००।-<br>२. अन्तर्राष्ट्रिय गैरसरकारी संस्था रु. ३००।" |

**आज्ञाले,**
**पुष्कर सापकोटा**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।